# खानीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## साल्मेचाकल, काभ्रेपलान्चोक
## बागमती प्रदेश, नेपाल

प.सं.:- २०८०/८१

च.नं.:-

मिति:- २०८०/०४/०१

---

**सूचना !** **सूचना !!** **सूचना!!!**

श्री वडा कार्यालयहरु सबै,

खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक।

**विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धमा।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली दोस्रो संशोधन,२०७९ अनुसार आ.व.२०८०/०८१ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको परिचयपत्र नवीकरण गर्ने म्याद प्रत्येक आर्थिक वर्षको श्रावण महिना देखि भदौ मसान्तभित्र रहेको हुँदा यस खानीखोला गाउँपालिकाबाट आ.व.२०८०/०८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले अनिवार्य रुपमा तपसिलका कागजात सहित आ–आफ्नो वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनुहुन अनुरोध गरिन्छ।

**तपसिलः**

नवीकरणका लागि आवश्यक कागजातः

| | |
|---|---|
| जेष्ठ नागरिक ६८ वर्ष माथि | नागरिकताको फोटोकपि– १प्रति र फोटो –२ प्रति |
| जेष्ठ दलित ६० वर्ष माथि | नागरिकताको फोटोकपि– १प्रति र फोटो –२ प्रति |
| एकल महिला ६० वर्ष माथि | नागरिकताको फोटोकपि– १प्रति, फोटो –२ प्रति,मृत्यु दर्ताको फोटोकपि–१ प्रति र अविवाहितको हकमा अविवाहित प्रमाणित कागजात |
| विधवा | नागरिकताको फोटोकपि– १प्रति, फोटो –२ प्रति, मृत्यु दर्ताको फोटोकपि–१ प्रति र अर्को विवाह नगरेको प्रमाणित कागजात |
| पूर्ण अपाङ्गता | नागरिकताको फोटोकपि– १ प्रति, गाउँपालिका बाट जारी भएको रातो रङ्गको अपाङ्गता परिचयपत्रको फोटोकपि–१प्रति, संरक्षकको नागरिकताको फोटोकपि –१ प्रति र नागरिकता नबनेकोहकमा–जन्म दर्ताको फोटोकपि–१ प्रति |
| आंशिक अति अशक्त अपाङ्गता | नागरिकताको फोटोकपि –१ प्रति, गाउँपालिका बाट जारी भएको निलो रङ्गको अपाङ्गता परिचयपत्रको फोटोकपि– १ प्रति, संरक्षकको नागरिकताको फोटोकपि– १ प्रति र नागरिकता नबनेकोहकमा–जन्म दर्ताको फोटोकपि–१ प्रति |
| बालपोषण ( दलित बालबालिका ५ वर्ष मुनिका) | जन्म दर्ताको फोटोकपि १ प्रति, संरक्षकको नागरिकताको फोटोकपि १ प्रति र बालबालिकाको फोटो १ प्रति |

**नोटः**

(क) बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको संरक्षक वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्ने छ।

(ख) तोकिएको समयमा ( २०८० भदौ मसान्त भित्र) परिचयपत्र नविकरण नगर्ने लाभग्राहीको नाम सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीबाट स्वतः हट्नेछ। छुट भएको समयावद्धिको रकम भुक्तानी हुने छैन।तोकिएको समयमा नविकरण गर्न छुट भई पुनः नयाँ निवेदन दिएमा निवेदन दिएको पछिल्लो महिना देखि मात्र भत्ता प्राप्त गर्न शुरु हुनेछ।

रामपुकार यादव

नि.प्रमुख प्रशासकीय अधिकृत